प्रमाणित प्रतिलिपि
२०८०।०८।१५

शाखा अधिकृत
सर्वोच्च अदालत काठमाण्डौ

सर्वोच्च अदालत, एकल न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

**आदेश**

०८०-WO-००७३

मुद्दाः- उत्प्रेषण समेत।

विनोद मणि भट्टराई---------------------------------------------------------------- निवेदक

**विरुद्ध**

निर्वाचन आयोग कान्तिपथ, काठमाडौं समेत---------------------------------- विपक्षी

यसमा निवेकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री भिमार्जुन आचार्य र श्री लवन न्यौपानेले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद, प्रमाण सहित म्याद सूचना तामेल भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नुहोला भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी रितपूर्वक तामेल गराई लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला।

साथै, रिट निवेदकले अन्तरिम आदेश समेत माग गरेको सन्दर्भमा विचार गर्दा, मिति २०७९।०८।०४ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा निवेदक हाम्रो नेपाली पार्टीको तर्फबाट मोरङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.२ बाट उम्मेदवार भएको भन्ने देखिन्छ। निजले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा ४ बमोजिम मिति २०७९।०९।०३ मा द.नं.१३३ मा प्रदेश निर्वाचन कार्यालय, प्रदेश नं.१ मोरङ,

विराटनगर समक्ष निर्वाचन खर्चको विवरण पेश गरेको देखियो। यस अवस्थामा निर्वाचन कसूर तथा सजाय ऐन, २०७४ को दफा ३१ को उपदफा २ बमोजिम निर्वाचन खर्चको विवरण पेश नगरेका उम्मेदवारहरुलाई जनही रु.१५,०००।- जरिवाना गर्ने गरी निर्वाचन आयोगबाट मिति २०८०।०१।०४ को निर्णयअनुसार निवेदकलाई समेत जरिवाना गर्ने गरी सूचना जारी भएको देखिँदा सुविधा र सन्तुलनको दृष्टिबाट प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म निवेदकको हकमा रु.१५,०००।-- जरिवाना गर्ने गरी भएको उक्त निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नू।

न्यायाधीश

इति संवत् २०८० साल साउन १९ गते रोज ६ शुभम् ------------------------------------------------।